# चन्द्रनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चन्द्रनगर,सर्लाही
२ नं.प्रदेश नेपाल

### औषधी तथा औषधिजन्य सामाग्री आपुर्ती सम्वन्धी सिलवन्दी दरभाउपत्र आह्वान गरिएको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७५।१०।२५
दरभाउपत्र खरिद गर्ने अन्तिम मिति २०७५।११।१०
दरभाउपत्र वुझाउने अन्तिम मिति र समय २०७५।११।१२ गते १२:०० वजे भित्र
दरभाउपत्र खोल्ने मिति र समय २०७५।११।१२ गते २:०० वजे

यस गाउँपालिकामा निम्न वमोजिमको सामाग्रीहरु दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने भएकोले सो सम्वन्धी सामाग्रीहरु सप्लाई गर्न ईजाजत प्राप्त ईच्छुक फर्म/व्यवशायीहरुबाट दरभाउपत्र पेश गर्न आह्वान गरिएको छ । सो को लागि दरभाउपत्र फाराम माथि उल्लेखित समयभित्र तोकिएको दस्तुर फिर्ता नहुने गरी नगदै तिरेको रसिद वा चन्दनगर गाउँपालिकाको नेपाल वंगलादेश बैंक शाखा चन्द्रनगर,सर्लाहीमा रहेको कार्यालयको कोड नम्बर GA-4-1 खाता नम्बर ९५९०१००२२० मा तपसिलमा उल्लेखित रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी चन्द्रनगर गाउँकार्यपालिकाको कार्यलयबाट खरिद गर्न सकिनेछ । दरभाउपत्रदाताले दरभाउपत्र जमानत वापत निम्नानुसारको रकम चन्दनगर गाउँपालिकाको नेपाल वंगलादेश बैंक शाखा चन्द्रनगर,सर्लाहीमा रहेको कार्यालयको कोड नम्बर GA-3 धरौटी खाता नम्बर ९५९०१००२२१ मा नगदै जम्मा गरेको सक्कल धरौटी भौचर वा यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र खोल्ने मितिले कम्तिमा ७५ दिन म्याद भएको क वर्गको वाणिज्य बैंकको बिडबन्ड पेश गर्नुपर्नेछ । उपरोक्तानुसार तोकिएको कुनै दिन सार्वजनिक विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन तोकिएको कार्य हुनेछ । दरभाउपत्र पेश गर्दा अपनाउनु पर्ने नियम तथा शर्तहरु दरभाउपत्र फाराममा उल्लेख गरिएकोले उक्त शर्त बमोजिम हुने गरी पेश गर्नु हुन र उक्त शर्तमा छुट भएका विषयहरु सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम भैजाने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ । साथै दरभाउपत्र खरिद गर्न आउदा आ.व. २०७५।७६ सम्म नविकरण भएको फर्म दर्ताको प्रमाण पत्र, मू.अ.क.मा दर्ता भएको प्रमाणपत्र तथा आ.व. २०७४।७५ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र सम्वन्धित फर्मको निवेदन अनिवार्य पेश गर्नु पर्नेछ । यस गा.पा.मा तिर्न, बुझाउन बाँकि बक्यौता रहेका, कालो सूचीमा परेका फर्म, कम्पनी, संस्थाले खरिद प्रक्रियामा भागलिन पाउने छैन । दरभाउपत्रको साथमा विडवण्ड, स्व-घोषणा पत्र लगायत आवश्यक कागजातहरु दरभाउपत्र साथ संलग्न राखी सिलवन्दी खाममा फर्मको नाम, ठेगाना, ठे.सु.नं. र लाहा छाप संख्या समेत प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ ।

| सि.नं. | ठे.सु.नं. | दरभाउपत्रको नाम | अनुमानित लागत | दरभाउपत्र दस्तुर रु. | जमानत रकम (रु.) |
|---|---|---|---|---|---|
| १ | ४-२०७५-०७६ | Supply of Medicine And Surgical Equipment (आषैधि तथा औषधिजन्य सामाग्री आपुर्ति) | १९,९५,०००।- | १०००।- | ५०,०००।- |

२०७५।१०।२५

प्रमुख प्रशासकिय अधिकृत
चन्द्रनगर गाउँपालिका